# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वैदौली-कपिलवस्तु
(लुम्बिनी प्रदेश,नेपाल)

पत्र संख्या :-०७९।८० (सामाजिक विकास शाखा)
चलानी नम्बर :-

मिति : २०७९।०५।१५

## स्वयंसेवा गर्न चाहने युवाहरुको लागि सूचना !

प्रस्तुत बिषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८७-०७९।८० मिति २०७९।०५।१२ गतेको पत्र अनुसार **राष्ट्रिय युवा परिषद्**को आ.व. ०७९।८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकासका विभिन्न विषय क्षेत्रमा स्वयंसेवा गर्न चाहने युवाहरुको रोष्टर तयार गरी प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित संघ संस्था संगको समन्वयमा स्वयंसेवकको रुपमा परिचालन तथा व्यवस्थापन गरिने कार्यक्रम रहेको हुँदा स्वयंसेवा गर्न इच्छुक युवाहरुबाट राष्ट्रिय युवा परिषद्ले दरखास्त आव्हान गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**स्वयंसेवाका विषय क्षेत्रहरु :**

स्वास्थ्य खाना तथा जंकफुड बिरुद्धको अभियान,
लैंगिक हिंसा तथा जातीय विभेद न्यूनीकरण,
लागू पदार्थ दुर्व्यसन विरुद्धको अभियान,
सार्वजनिक शिक्षा सवलीकरण,
स्वास्थ्य सम्बन्धी जनचेतना बृद्धि तथा चिकित्सा सम्बन्धी कार्य,
नागरिक शिक्षा र सचेतना,
भौतिक पूर्वाधार विकास,
बन्यजन्तु तथा वातावरण संरक्षण,
सामाजिक कूरीति बिरुद्धको अभियान,
ट्राफिक सचेतना अभियान,
कृषिमा आधुनिकीकरण र व्यवसायीकरण,
विपद् व्यवस्थापन तथा पूर्वतयारी,
परम्परागत सीप संरक्षण,
सूचना प्रविधि र अन्य सान्दर्भिक विषयहरु

**आवेदकको योग्यता, आवश्यक कागजात र आवेदन गर्ने प्रक्रिया :**

- ✓ आवेदक १६ वर्ष देखि ४० वर्ष उमेर समूह भित्रको हुनु पर्नेछ ।
- ✓ जुनसुकै योग्यता भएका नेपाली नागरिकले स्वयंसेवाको लागि आवेदन दिन र स्वयंसेवा गर्न सक्नेछ ।
- ✓ स्वयंसेवा गर्न चाहेको विषय क्षेत्रसंग सम्बन्धित अध्ययन तथा तालिम प्राप्तलाई प्राथमिकता दिईने छ ।
- ✓ नेपाली नागरिकताको फोटोकपीको प्रतिलिपी एक प्रति, पासपोर्ट साइजको फोटो र माथिल्लो योग्यताको कुनै एक शैक्षिक योग्यताको प्रमाण पत्र आवेदन साथ संलग्न गर्नु पर्ने छ ।
- ✓ आवेदन गर्न **राष्ट्रिय युवा परिषद्**को वेबसाइट nyc.gov.np मा राखिएको गुगल फर्म भरी आवश्यक डकुमेन्टहरुको स्क्यानकपी सोही फर्ममा अपलोड गर्नु पर्नेछ ।

**नोट** : स्वयंसेवा अवधीमा राष्ट्रिय युवा परिषद्बाट तलब तथा कुनै पारिश्रमिक उपलब्ध गराईने छैन ।

..............................
(तेज बहादुर सिंह)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner